# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 01.03.2025**

- **Union Minister**

केन्द्रिय नागरिक उड्डयन तथा सहकारिता राज्य मन्त्री मुर्लीधर मोहोलले 2014-मा नरेन्द्र मोदीको अगुवाईमा सबैको साथ, सबैको विकास, सबैको विश्वासको नाराका साथ भाजपाको सरकार गठन भएपछि पूर्वोत्तर राज्यहरूमा विकास सुनिश्चित गर्ने काम भएको बताउनुभएको छ।
केन्द्रिय राज्यमन्त्री मोहोल आज राजधानी गान्तोकमा भाजपा सिक्किमको आर्थिक प्रकोष्ठद्वारा केन्द्रिय बजेट 2025-26 माथि आयोजित अन्तरक्रिया सत्रमा बोल्दै हुनुहुन्थ्यो। दुई दिवसीय सिक्किम भ्रमणमा आउनुभएका केन्द्रिय राज्यमन्त्रीले 2047 सम्म विकसित भारतको संकल्पलाई पूरा गर्ने लक्ष्य लिएर केन्द्रिय बजेट 2025-26 पेश गरिएको बताउनुभयो।
श्री मोहोलले भन्नुभयो, मोदी सरकारमै सिक्किमलाई जैविक राज्यको मान्यता प्राप्त हुनका साथै हवाई मार्गसित जोड्ने काम भएको छ अनि अब सिक्किममा रेल सेवा पनि शुरू हुन लागिरहेको छ।

--------------------------------------X--------------------------------------

- **Governor Meets Union State Minister**

यसअघि बिहान केन्द्रिय राज्य मन्त्री श्री मोहोलले राजभवनमा राज्यपाल ओमप्रकाश माथुरसित भेट गर्नुभयो। भेट अवधि राज्यपाल एवं केन्द्रिय राज्य मन्त्रीबीच सिक्किमको विमानास्थलको मुद्दामाथि चर्चा भयो। राज्यपाल श्री माथुरले विमानास्थलमा उन्नत अवतरण प्रणाली शीघ्र शुरू गरिनुपर्ने विषयमाथि जोड़ दिनुभयो। उहाँहरू माझ स्पाइसजेट बाहेक अन्य एयरलाइनका उड़ानहरू शुरू गरिनुपर्ने कुरामाथि पनि चर्चा भयो।

मन्त्री श्री मोहोलले धेरै कम समयमा हवाई सेवा शुरू हुने अनि उन्नत अवतरण प्रणाली चाड़ै चालू गरिने कुराको आश्वासन दिनुभएको छ। केन्द्रिय राज्य मन्त्रीका अनुसार अन्य एयरलाइनका उड़ानहरू पनि सिक्किमको विमानास्थलबाट चाड़ै शुरू गरिनेछ।

--------------------------------------X--------------------------------------

- **Comprehensive Health Camp**

माचोङ उच्चतर माध्यमिक विद्यालयको प्रेक्षा गृहमा एक दिनव्यापी समग्र स्वास्थ्य शिविर आयोजन गरियो। सिक्किम सरकारको स्वास्थ्य एवं परिवार कल्याण विभागअन्तर्गत पाकिम जिल्लाको राष्ट्रिय आयुष अभियानद्वारा आज आयोजित शिविरको विधायक पामिन लेप्चाले उदघाटन गर्नुभयो।

दुर्गम क्षेत्रहरूमा स्वास्थ्य सेवाको कमीलाई कम गरेर निम्न स्तरमा आवश्यक चिकित्सा सुविधाको पहुँच सुनिश्चित गर्ने उद्देश्यले आयोजित शिविरमा ऊचाई, वजन, BMI, रेन्डम ब्लड शुगर (RBS), हेमोग्लोबिन, रक्तचाप, दँन्तको उपचार र दृष्टि परीक्षणसहित अन्य विभिन्न प्रकारका बिरामीहरूको स्वास्थ्य जाँच गरियो।

पाकिमको आयुषका चिकित्सा अधिकारी डाक्टर कुलजन लामाले स्थानीय समुदायलाई पहुँचयोग्य स्वास्थ्य सेवा उपलब्ध गराउने विधायक श्रीमती लेप्चाको निर्देशनमा शिविरको आयोजना गरिएको बताउँदै क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच बढ़ाउन यस प्रकारका अझ धेरै शिविरको आयोजना गरिनुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो।

--------------------------------------X--------------------------------------

- **F&ED Awareness Programme**

वन एवं पर्यावरण विभागअन्तर्गत पर्यावरणीय सूचना, जनचेतना, क्षमता विकास तथा जीविकोपार्जन कार्यक्रम हबले सौर्य उद्यम सहायक प्रबन्धक सम्बन्धी हरित सीप विकास कार्यक्रम 2024-25 सफलतापूर्वक आयोजन गर्‍यो। गान्तोकस्थित वन विभागको सिद्क्योङ टुल्कु सम्मेलन कक्षमा आज सम्पन्न समापन समारोहमा वन मन्त्री पिन्ट्सो नामग्याल लेप्चा मुख्य अतिथि हुनुहुन्थ्यो। सौर्य उद्यम सहायक प्रबन्धक सम्बन्धी GSDP कोर्समा सौर्य उद्यम व्यवस्थापनमा महत्त्वपूर्ण सीपहरू प्रदान गरेर सौर्य क्षेत्रमा टिकाउ जीविकोपार्जनका अवसरहरू सिर्जना गर्ने उद्देश्यले आयोजित प्रशिक्षण कार्यक्रमबाट चालीसजना प्रशिक्षणार्थीहरूले सफलतापूर्वक आफ्नो प्रशिक्षण पूरा गरे।

मन्त्री श्री लेप्चाले प्रशिक्षणार्थीहरूलाई सौर्य राजदूतको रूपमा आफ्नो नयाँ सीपलाई उपयोग गर्न र सौर्य गृह प्रणाली स्थापनालाई प्रवर्द्धन गर्न आग्रह गर्नुभयो। उहाँले GSDP मुख्यमन्त्रीद्वारा परिकल्पित एउटा टिकाऊ, समृद्ध र सशक्त सिक्किम (सुनौलो, समृद्ध र समर्थ सिक्किम)-को दृष्टिकोणअनुरूप छ भनी बताउनुभयो।

--------------------------------------X--------------------------------------

- **Royal Enfield Social Mission**

एउटा दुई चक्के वाहन कम्पनीले सिक्किममा आफ्नो सामाजिक अभियानको तेस्रो संस्करण स्वरूप तीन मार्च सोमबार The Great Himalayan Exploration-को शुभारम्भ गर्ने भएको छ। यस अभियानको शुरूवात बिहान सात बजेर तीस मिनटमा हुनेछ। Great Himalayan Exploration नामक एउटा अद्वितीय मोटरसाइकल यात्राको उद्देश्य हिमाली समुदायहरूलाई उनीहरूको लोप हुने जोखिममा रहेको अमूर्त सांस्कृतिक सम्पदा र परम्परागत ग्रामीण अभ्यासको दस्तावेजीकरण गरेर समर्थन र उत्थान गर्नु हो।

---------------------------------------X---------------------------------------

- **Solo Nation-wide Run**

सिक्किमका धावक शान्तिराम नेपालले सिक्किम राज्य गठनको पचासौं वर्षगाँठ पालन गर्न राष्ट्रव्यापी रूपमा दौड़ लगाउने भएका छन्। आज दिउँसो पत्रकार सम्मेलन डाकेर धावक नेपालले सुनौलो, समृद्ध अनि समर्थ सिक्किमको tagline-मा रहेको यस एकल दौड़लाई यसै महिनाको पाँच तारिक मुख्यमन्त्री प्रेमसिंह तामाङले शुरूवात गराउनुहुने कुराको जानकारी दिए। लामो दुरीका विभिन्न दौड़ प्रतियोगितामा भाग लिइसकेका गान्तोक जिल्लाको सामदोङ निवासी तेंतीस वर्षीय नेपालले सिक्किमदेखि दिल्लीसम्मको 2350 किलोमिटरको दुरी सत्र दिनमा पूरा गरेका हुन्।
उनले प्रत्येक राज्य र केन्द्रशासित प्रदेशका राजधानीहरूलाई समेट्दै दिनमा एक सय बीस किलोमिटरको दुरी तय गर्ने बताएका छन्। उनी सोल्ह मई राज्य दिवसका दिन देशका अन्यभागलाई समेटेर राज्यमा प्रवेश हुनेछन्।

---------------------------------------X---------------------------------------

- **Weather**

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा न्यूनतम तापमान आठ दशमलौ पाँच डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि आकासमा बादल छाउनका साथै हल्का वर्षा हुने पूर्वानुमान गरेको छ। भोलि अधिकतम तापमान पन्ध्र डिग्री सेल्सियस र न्यूनतम तापमान आठ डिग्री सेल्सियस रहनेछ।

---------------------------------------X------------------